बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

## बकैया गाउँकार्यपालिकाको मिति २०७६।०२।१४ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

### १. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि प्राप्त रकम परिचालन सम्बन्धमा ।

प्रस्तुत विषयमा छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि यस आ.व.मा रु ३२,००,०००।०० रकम प्राप्त भएकोमा सो कार्यक्रम सम्बन्धी निर्देशिका बमोजिम परिचालन गर्ने गरी सबै वडामा समानुपातिक रुपमा रकम विनियोजन गरी योजना सञ्चालन गर्ने निर्णय गरियो । साथै सम्बन्धित वडा अध्यक्षहरुले १ हप्ताभित्र योजना सिफारिश गर्ने निर्णय गरियो ।

### २. स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा ।

प्रस्तुत विषयमा छलफल गर्दा संघ सरकारले वडा नं १, ५ र ६ का लागि स्वास्थ्य चौकी भवन निर्माण गर्न बजेट उपलब्ध गराएको तथा उपयुक्त कारण सहित गाँउ कार्यपालिकाको निर्णय मार्फत स्वास्थ्य चौकी भवन अन्य वडामा निर्माण गर्न सकिने निर्देशिकामा व्यवस्था भएकोमा यस गाउँपालिकाको वडा नं १ मा प्रदेश सरकारको बजेटबाट र वडा नं ६ मा गाँउपालिकाको बजेटबाट स्वास्थ्य चौकी निर्माण भईरहेको तथा वडा नं ७ र ८ मा स्वास्थ्य संस्थाको आवश्यकता रहेकोले हाललाई वडा नं ५, ७ र ८ मा स्वास्थ्य चौकी भवन निर्माण गर्ने निर्णय गरियो ।ल

### ३. ठेक्का पश्चात बचेको बजेट परिचालन सम्बन्धमा ।

प्रस्तुत विषयमा छलफल गर्दा गाँउपालिकाले हालै गाँउपालिकाभित्रका विभिन्न ४ वटा सडक आयोजना सञ्चालनका लागि ठेक्कामार्फत कार्य अगाडी बढाएको तर कम दरमा इस्टमेट अनुसार कार्य सम्पादन गर्ने गरी ठेकेदार छनौट भई कार्य समेत थालनी गरीसकेकोमा बाँकी रकमको सोही सडक आयोजनाको स्तरोन्नती गर्ने गरी तपशिल बमोजिम खण्ड विभाजन गरी प्राविधिकहरुमार्फत थप इस्टमेट गरी उपभोक्ता समिती मार्फत कार्य गराउने निर्णय गरियो ।

| | |
|---|---|
| १) जितपुर कोलखोप सडक खण्ड | रु. ३१,००,०००।०० |
| २) घलेगाँउ चिप्लेटफ सडक खण्ड | रु. ३०,००,०००।०० |
| ३) भिरकोट तिनभञ्ज्याले सडक खण्ड | रु. ६०,००,०००।०० |
| ४) हाँडी बिजलडाँडा सडक खण्ड | रु. ५३,००,०००।०० |
| ५) जुरेली मुक्तानस्वारा सडक स्तरोन्नती | रु. ४०,००,०००।०० |
| ६) थली सडक खण्ड | रु. १०,००,०००।०० |
| ७) पिपलडाँडादेखि घुम्ती सिमात सडक खण्ड | रु. ३६,००,०००।०० |
| ८) हात्तीसुँडे कुँडुले पिठाकुटे सडक खण्ड | रु. ४८,००,०००।०० |

### ४. शिक्षा समितिको सिफारिश अनुमोदन सम्बन्धमा ।

गाउँ शिक्षा समितिको मिति २०७६।०२।०८ गतेको बैठकबाट कार्यपालिकालाई सिफारिश गरेका तपशिल बमोजिमका सिफारिशहरु अनुमोदन गर्ने निर्णय गरियो ।

...कर खनाल

क. बकैया १ हाँडिमा रहेको श्री वनदेवी कालिका प्रावि को हाल रहेको विद्यालय क्षेत्रका बासिन्दाहरु बसाइ सराइ गरी रजुवा र ढिकिडाँडा आसपासका क्षेत्रमा गएको हुनाले हाल रहेको विद्यालयमा विद्यार्थी सख्या अत्यन्त कम भएको कारणले विद्यालय स्थान्तरण गरी रजुवा र ढिकीडाँडाको वीचमा पर्ने पानी टयाङ्कि आसपासको क्षेत्रमा विद्यालय सार्ने भनि श्री बनदेवी कालिका प्रावि को विद्यालय व्यवस्थापन समिति र अभिभावकहरुको मिति २०७६।०१।१३ को भेलाको निर्णय अनुसार त्यस विद्यालयलाइ विद्यालय स्थान्तरणको लागि अनुमति दिने सर्वसम्मत निर्णय ।

ख. नेपाल सरकारले विद्यालय क्षेत्रमा काम गर्ने स्रोतव्यक्तिहरुको काज फिर्ता गरेको र यस गाँउपालिकामा कार्यरत शिक्षा अधिकृत सरुवा भई रिक्त भएको अवस्थामा शिक्षा सम्बन्धि काम गर्ने जनशक्ति अभाव भई शिक्षाको सबै काम अस्तव्यस्त भएकोले शिक्षा सम्बन्धि काम गर्नका लागि श्री नारायण प्रसाद चापागाई श्री महेन्द्र मावि (मावि राहात) र श्री चन्द्र प्रसाद देवकोटा श्री कर्मप्रासी मावि (मावि राहात) गरी दुई जना शिक्षकहरुलाई गाउँपालिका कार्यालय शिक्षा शाखामा काजमा ल्याउने सर्वसम्मत निर्णय। साथै उक्त विद्यालयहरुमा निजहरुको सट्टामा नियुक्ती गरिने निजी शिक्षकले पाउने तलव भत्ता गाँउपालिकाबाट अनुदान सहयोग गर्ने निर्णय गरियो ।

ग. यस गाउपालिकाको तपसिल अनुसारको विद्यालयमा विद्यार्थी सख्याको आधारमा शिक्षक संख्या बढी देखिन आएकोले दरबन्दी मिलान गरि दरबन्दी सहित सरुवा गर्ने सर्बसम्मत निर्णय ।

अ. दरबन्दी कट्टी हुने विद्यालय : श्री सोलिथुम प्रावि,बकैया १० मन्थलीबाट

१.शोभा दुलाल (प्रावि राहात)
२.बसन्ती लामा (प्रावि राहात)

आ. दरबन्दी थप हुने विद्यालय :श्री प्रसिद्ध मावि बकैया १० मन्थली

घ. बकैया गाउँपालिका अन्तर्गतका ७५ वटै विद्यालयहरुमा ECED शिक्षक र दरबन्दी नभएको हुनाले आवश्यक पर्ने विद्यालयहरुमा बकैया गाउँपालिकाको बजेटबाट ECED शिक्षक व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय।

साथै यस गाउँपालिका वडा न ७ मा रहेको श्री पशुपति प्रावि हिरामुनीमा कार्यरत प्रावि स्थायी शिक्षक श्री जग्गा पण्डितले यसै गाँउपालिका वडा नं १ मा रहेको श्री बालकल्याण प्रावि विजयबस्तीमा रहको रिक्त दरबन्दीमा सरुवा हुन पाँउ भनि दिएको निवेदन र दुबै विद्यालयको सहमतिको आधारमा निजलाई सरुवा गर्नको लागि गाँउ शिक्षा समितिको सर्वसम्मत निर्णयबाट सिफारिस भएकोमा निजलाई हाल कार्यरत विद्यालय श्री पशुपति प्रावि हिरामुनीबाट श्री बालकल्याण प्रावि विजयबस्तीमा सरुवाको निर्णय गरियो।

दामोदर खनाल
अध्यक्ष

५. अगामी आ.व. २०७६/७७ को बजेट तयारी सम्बन्धमा ।

आगामी आ.व. २०७६/७७ को बजेट तयारीका लागि तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रम | मिति | समय |
|---|---|---|---|
| १ | राजश्व परामर्श समितिको प्रतिवेदन पेश | २०७६।०३।०२ भित्र | |
| २ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक र सीमा निर्धारण | २०७६।०३।०५ भित्र | |
| ३ | वडास्तरमा योजना छनौट | २०७६।०३।०७ भित्र | |
| ४ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक र छलफल, बजेट तयारी | २०७६।०३।०८ भित्र | |
| ५ | कार्यपालिका बैठकमा नीति तथा कार्यक्रम पेश | २०७६।०३।०९ गते | |
| ६ | **वार्षिक नीति तथा कार्यक्रम सार्वजानिकीकरण** | २०७६।०३।१० गते | विहान ८:३० बजे |
| ७ | प्राथमिकीकरण भएका वडाका योजना तथा कार्यक्रमहरु/विषयगत समितिका प्रतिवेदन योजनाहरु बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने | २०७६।०३।२५ गते | |
| ८ | विषयगत समितिको छलफल, अन्य सरोकारवालाहरुसँग छलफल | २०७६।०३।२८ गते | |
| ९ | कार्यपालिका बैठकमा बजेट पेश गर्ने | २०७६।०३।३० गते | |
| | **बजेट सार्वजनिकरण** | २०७६।०३।३१ गते | विहान ११:०० बजे |

६. कार्यालय सहयोगी इन्द्रबहादुर थिङ्गलाई करारमा नियुक्ती सम्बन्धमा ।

प्रस्तुत विषयमा छलफल गर्दा यस गाँउपालिका अन्तर्गत वडा नं १ को कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री इन्द्र बहादुर थिङ्ग उमेर हदका कारण मिति २०७५।०१।१५ गते देखि अनिवार्य अवकाश हुनुभएको तथा निजको सेवा अवधिभरको कार्यसम्पादन सन्तोषजनक रहेको पाइएकोले निजलाई मिति २०७६।०२।१५ गतेदेखि लागु हुने गरी कार्यालय सहयोगी पदमा करारमा कार्य गराउने निर्णय गरियो ।

७. वडा नं १० को जग्गा प्राप्ति सम्बन्धमा ।

प्रस्तुत विषयमा छलफल गर्दा यस गाँउपालिका अन्तर्गत वडा नं १० मा भौतिक संरचनाहरु निर्माणको लागि यसै वडा निवासी वद्रि सिं भोमजनको नाममा रहेको कित्ता नम्बर १७७ को नम्बरी जग्गा क्षेत्रफल ५-२-२-१ मध्यबाट यस गाँउपालिकालाई क्षेत्रफल१-८-०-०बराबरको जग्गा यस गाँउपालिकाको नाममा

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर

स्वेच्छाले दान दिनुभएको हुँदा सो जग्गा गाँउपालिकाको नाममा दर्ता गर्नको लागि मालपोत कार्यालयमा आवश्यक प्रकृया तथा दर्ता गर्दा लाग्ने राजश्व छुटको लागि सिफारिश गर्ने निर्णय गरियो ।

८. लेखा व्यवस्थापन तालिम सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा गाँउपालिका क्षेत्रमा रहेका सहकारीहरुको सफल सञ्चालनका लागि गाँउपालिकाले सहकारीको लेखा व्यवस्थापन सम्बन्धि कार्यक्रमको लागि बजेट व्यवस्था गरेको र उक्त कार्य सम्पादन गर्नका लागि जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडले प्रस्तावना पेश गरेको तथा उक्त संघ यस मकवानपुर जिल्लाका सम्पूर्ण बचत तथा ऋण सहकारी संस्थाहरुको छाता संस्था भएको र उक्त संघमा दक्ष प्रशिक्षक समेत रहेकोले सोही संस्थामार्फत नै लेखा व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

९. ढुङ्गा गिटी वालुवा सम्बन्धमा ।

प्रस्तुत विषयमा छलफल गर्दा यस गाँउपालिकाले चालु आवमा प्राकृतिक स्रोत साधन सम्बन्धी ढुङ्गा गिट्टी वालुवाको यस वर्ष टेण्डर प्रकृयाबाट ठेक्का लागेको र IEE गरेको ठाँउमा नियमानुसार र IEE रिपोर्ट अनुसार ठेक्का लगाएको परिमाण ठेक्काको संझौता मितीभन्दा अगाडी नै परिमाण अनुसारको सामान उठाइसकेको हुँदा आजको मितीबाट गाँउपालिकाको विकास निर्माण कार्यको लागि भन्दा अन्य ठेक्काको काममा कुनै पनि खोला खहरेमा मेशिन टिपर प्रयोग गर्न नदिइने तथा व्यवसायीलाई ठेक्का रोक्काको परिपत्र गरी काम रोक्ने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

बकैया गाँउपालिका मकवानपुर